नेपाल सरकार,
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
बैदेशिक रोजगार बोर्डको सचिवालय

आप्रवासी स्रोत केन्द्र/उपकेन्द्रको सुचिकृत/नवीकरण गर्नेबारे सचिवालयको अनुरोध ।

प्रकाशित मितिः २०८२/०३/०१

वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने नेपाल सरकारको उद्देश्यलाई सहयोग पुर्याउने उद्देश्यले स्थानीय तहबाट नै सम्बन्धित कामदार तथा उनीहरुका परिवारलाई आधिकारिक सूचना, परामर्श तथा अन्य आवश्यक सेवा प्रदान गर्न आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र सञ्चालन हुँदै आएको छ । आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि आप्रवासी स्रोत केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ बमोजिम सुचिकृत हुन बाँकी स्रोत केन्द्रका लागि सोही कार्यविधिको दफा-११ अनुसार सम्बन्धित स्थानीय तहको सिफारिस सहित (अनुसूची- ४) बमोजिमको ढाँचामा तथा सूचीकृत भएका केन्द्रहरु सोहि कार्यविधिको दफा-२० बमोजिम यो आ.व मा नवीकरण हुन बाँकी स्रोत केन्द्रको हकमा अनुसूची- ५ अनुसार २०८२ असार १५ सम्म सुचिकृत/नवीकरणका लागि सम्बन्धित स्थानीय तहबाट निवेदन पेश गर्नु हुन अनुरोध छ। साथै, सुचिकृत हुनका लागि निबेदन पठाउँदा उक्त स्रोत केन्द्र रहेको जिल्ला/इलाका प्रशासन कार्यलयबाट उक्त स्रोत केन्द्रको तपसील बमोजिमको विवरण सहित अवस्था एकिन गरी पठाउनु हुन अनुरोध छ।

आप्रवासी स्रोत केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ लगायत निवेदनको ढाँचा र अन्य आवश्यक सूचना एवं जानकारी यस बोर्ड सचिवालयको फोन नम्बर ५३२०३११, ५३२०४३३ वा श्रमाधान कल सेन्टर ११४१ मा फोन गरी वा ईमेल ठेगाना nmrc@feb.gov.np बाट प्राप्त गर्न सकिने वा सचिवालयको वेवसाईट feb.gov.np मा हेर्न तथा डाउनलोड गर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसीलः

| क.स. | स्रोत केन्द्र/उप-केन्द्र रहेको स्थान | आप्रवासी स्रोत केन्द्र/ उप-केन्द्र कक्ष संख्या | स्रोत केन्द्रमा रहेका परामर्शकर्ताको संख्या भौतिक सामाग्री | कैफियत |
|---|---|---|---|---|
| | | | | |